आज मिति २०८१ श्रावण ६ गते बिहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री नर्बदा घिमिरे |

विशेष आमन्त्रण

१. शिक्षा अधिकृत श्री बोधराज पाठक

२. लेखा अधिकृत श्री सन्तोष अर्याल

३. शाखा अधिकृत श्री परशुराम घिमिरे

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस गाउँपालिकाको आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने स्वीकृत योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनकोलागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

गाउँपालिकाको आ.व. २०८१/०८२ को दररेट सम्वन्धमा छलफल भई जिल्ला दररेट निर्धारण समिति धादिङबाट स्वीकृत जिल्ला दररेटनै यस गाउँपालिकामा लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस गाउँपालिकाको सेवा प्रवाहलाई थप चुस्त दुरुस्त वनाई प्रभावकारी सेवा प्रवाह गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु वीच कार्य सम्पादन करार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस गाउँपालिकाको वडा नं. ८ मा रहेको श्री कालिका माध्यमिक विद्यालयलाई भवन निर्माणको लागि जग्गा आवश्यक भई विद्यालय संगै रहेको सिव कुमार प्रजाको नाममा दर्ता कायम भएको साविक जोगिमारा गा.वि.स. वडा नं. ६/न कि.नं. ५३ जम्मा क्षेत्रफल २-६-२-३ जग्गा विद्यालयको नाममा खरिद गर्न सहमति दिईएकोले उल्लेखित जग्गा विद्यालयको नाममा रजिट्रेशन पासको लागि मालपोत कार्यालय, धादिङलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

गाउँपालिकामा कर्मचारि कम भएका र भएका कर्मचारिहरुले अतिरिक्त समय कार्य गरिरहनु परेको कारण अतिरिक्त समयमा मार्य गर्न खटिएका कर्मचारिहरुलाई प्रोत्साहनका लागि थप सुविधा उपलव्ध गराउदै आईएकोमा पन्धौं गाउँसभाले दिएको अधिकार समेतको आधारमा गत आ.व. मा दिईदैआएको प्रोत्साहन सुविधालाई चालु आ.व.मा समेत निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ७

एकीकृत आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ८

गाउँपालिकाको सबै वडाहरुमा सञ्चालनमा रहेको मेलमिलाप केन्द्रहरुलाई चालु आ.व.मा पनि निरन्तरता दिई न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी र चुष्त दुरुष्त बनाउने निर्णय गरियो ।

निर्णय नं. ९

विपद पश्चातको उद्धार लगायतका कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको वडा नं. ५ मा आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने निर्णय गरियो

निर्णय नं. १०

बेनीघाट रोराङ गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास योजना स्वीकृत गर्ने निर्णय गरियो साथै योजना अनुसार गाउपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

बेनीघाट रोराङ गाउँपालिका र छिमेकी गाउँपालिका बीच साझा सरोकारका विषयहरुको पहिचान अवधारणा पत्र स्वीकृत गरियो सो अवधारणा पत्रमा उल्लेखित साझा सरोकारका विषयमा आपसी समन्वय तथा सहकार्य गर्ने निर्णय गरियो ।

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विशालटार, धादिङ बागमती प्रदेश, नेपाल